# दुल्लू नगरपालिका कार्यालय दुल्लू, दैलेख

## सिलबन्दी बोलपत्र आव्हानको सूचना

**सूचना नं. १/२०७३/०७४**

**प्रथम पटक प्रकाशित मिति :- २०७३/१०/०१**

यस दुल्लू नगरपालिका कार्यालय दुल्लू दैलेखले तपशिल बमोजिमका कामहरु सिलबन्दी बोलपत्रको माध्यमबाट आगामी २०७४ जेष्ठ मसान्त भित्र निर्माण/खरिद गराउनु पर्ने भएको हुंदा नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायी/सप्लार्यसहरुबाट देहायको शर्तहरुको अधिनमा रही तोकिएको समय भित्र रितपूर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्र प्रथम पटक राजधानी राष्ट्रिय दैनिकमा प्रकाशित मितिले ३० औं दिन भित्र कार्यालय समयमा नविकरण भएको इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, नगरपालिका क्षेत्र भित्रका व्यवशायी भए न.पा.मा व्यवसाय दर्ता गरेको प्रमाण पत्र, आ.व.२०७२/०७३ सम्म कर चुक्ता प्रमाण - पत्र अन्य ठेक्का सम्वन्धि कागजात सहितको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी निवेदनका साथ तपशिलमा उल्लेखित रकम (पछि फिर्ता नहुने गरी) बुझाई यस कार्यालयमा आफै आई वा आफ्नो आधिकारीक प्रतिनिधि पठाई निवेदन दिई बोलपत्र खरिद गर्न सकिनेछ । विद्युतिय संचारको माध्ययमबाट बोलपत्र पेश गर्न चाहने निर्माण व्यवसायी/सप्लार्यसहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयको singal portal (www.ppmo.gov.np) मा गई थप जानकारी प्राप्त गर्न, बोलपत्र Download गर्न र बोलपत्र दाखिला गर्न सकनेछ ।

२. बोलपत्रको प्रत्येक पानामा सहिछाप गरी देहाय बमोजिमको कार्यको लागि नियमानुसारको धरौटी रकम सिलबन्दी बोलपत्र साथ कम्तिमा ३ महिना (९० दिन) म्याद भएको जमानी पत्र (विड बण्ड) वा यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंङ्क दुल्लू शाखामा रहेको ४३४०३०३००३००१ धरौटी खातामा धरौटी बापतको रकम जम्मा गरेको सक्कलै बैंङ्क भौचर सिलबन्दी बोलपत्रका साथ संलग्न राखि यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । विद्युतीय संचार माध्यमबाट बोलपत्र पेश गर्न चाहने इच्छुक निर्माण व्यवसायीहरुलाई सहजीकरणको लागि दुल्लू नगरपालिका कार्यालय योजना शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ । वेभ साइटबाट सिधै डाउनलोड गर्ने कम्पनी वा निर्माण व्यवसायी वा निर्माताका अधिकृत विक्रेताले बोलपत्रसाथ तल तोकिएको बोलपत्र दस्तुर बापतको रकम यस कार्यालयको रा.वा.बैंङ्क दुल्लूमा रहेको खाता नं ४३४०३०३००३००१ मा र धरौटी बापतको रकम जम्मा गरेको भौचरको Scan copy समेत पेश गर्नुपर्ने छ । सिलबन्दी बोलपत्र स्वीकृत भएपछि आफूले कबोल गरेको अंकको ५ प्रतिशतले हुने रकम तथा १५ प्रतिशत भन्द बढि घटेकोमा घटी कबोल अंक को ५० प्रतिशतमा ५ प्रतिशत थप गरी सोही धरौटी खातामा जम्मा गरेको बैंङ्क भौचर वा घटीमा ३ महिना (९० दिन) म्याद भएको कार्य सम्पादन बैंङ्क जमानी पत्र (परफरमेन्स बण्ड) पेश गर्नु पर्नेछ ।

३. प्रथम पटक सूचना प्रकाशित मितिले ३१ औं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा सिलबन्दी बोलपत्र दर्ता गर्नु पर्ने छ । बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा उक्त दिनको लगतै कार्यालय खुलेको दिन सोही समय भित्र खरिद र दाखिला गर्न सकिने छ ।

४. दर्ता भएको बोलपत्र ३१ औं दिन दिनको २.०० बजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. दररेट पेश गर्दा प्रत्येक आईटममा अंक र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

६. रित नपुगेका, म्याद नाघि आएको वा अन्य कुनै शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. संयुक्त उपक्रम (Joint Venture) को रुपमा बोलपत्र खरिद वा दाखिला गर्दा बढिमा ३ वटा फर्महरुको एउटा संयुक्त उपक्रम बनाई बोलपत्र खरिद वा दाखिला गर्न सकिने छ । तर यस्तो संयुक्त उपक्रममा सबै फर्महरुको प्रमाण-पत्र सहित शेयर खुलेको संयुक्त लगानी सम्वन्धि सक्कलै सम्झौता बोलपत्र साथ पेश गर्नुपर्नेछ । यसरी संयुक्त उपक्रममा समावेश भएका

कार्यकारी अधिकृत

साझेदारहरुको हिस्सा कम्तिमा २५ प्रतिशत हुनुपर्नेछ र मूख्य साझेदारको हिस्सा ४० प्रतिशत वा सो भन्दा बढि हुनुपर्नेछ र संयूक्त उपक्रममा समावेश भएका फर्महरुले अर्को छुट्टै बोलपत्र खरिद र दाखिला गर्न पाईने छैन ।

८. जुन फर्मको नामबाट बोलपत्र खरिद गरिएको हो सोही फर्मको नाममा मात्र बोलपत्र दाखिला गर्न पाईने छ ।

९. कुनै बोलपत्रदाताले E- Biddding बाट एक पटक पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा उक्त कार्य E-bidding प्रकृयाबाटै गर्नुपर्ने छ ।

१०. E- Biddding मार्फत बोलपत्र पेश गर्ने बोलपत्रदाताहरुले अनिवार्य रुपमा बोलपत्र खोलिने मितिले सात दिन भित्र आफुले पेश गरेको बोलपत्र सम्वन्धि सम्पूर्ण कागजातको सक्कल प्रति HARD COPY । यस कार्यलयमा पेश गर्नुपर्ने छ ।

११. बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिका कार्यालयमा निहित रहनेछ ।

१२. ठेक्का नं. १/२०७३/०७४ मात्र E- Biddding बाट गरीएको छ ।

१३. यसमा भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, शंसोधन सहित स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र अन्य प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

१४. अन्य कुरा बुझ्नु परेमा यस नगरपालिका कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिने,छ ।

| क्र. स. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम भ्याट र कन्टीन्जेन्सि वाहेक | बोलपत्र फाराम दस्तुर रु. | जमानत रकम | ठेकेदारको वर्ग |
|---|---|---|---|---|---|---|
| १ | १/२०७३/०७४ | बाँकेगैरा दुल्लू अस्पताल पक्की सडक निर्माण कार्य | ७९,८०,०५८६८ | ३,०००/- | २,३०,४०० | ईजाजत प्राप्त ठेकेदार/सप्लायर्सहरु |

कार्यकारी अधिकृत
दुल्लू नगरपालिका कार्यालय, दैलेख